# प्रेस विज्ञप्ति

**श्रावण १९, २०८०**

## एन आई सी एशिया क्यापिटलद्धारा संचालित एन आई सी एशिया डाइनामिक डेप्ट फण्डको आ.व. २०७९/८० को लागि १० प्रतिशत प्रतिफल घोषणा तथा Dividend Re-investment Plan सम्बन्धमा ।

एन आई सी एशिया क्यापिटल लिमिटेडको मिति २०८० श्रावण १९ गते शुक्रबार बिहान ११ बजे क्यापिटलको कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौमा बसेको संचालक समितिको १२९औं बैठकले आर्थिक वर्ष २०७९/०८० को लागि एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत संचालित खुलामुखी योजना **"एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड"** (NIC ASIA Dynamic Debt Fund) का इकाईधनीहरुलाई १० प्रतिशत (कर सहित) का दरले प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । उक्त प्रतिफल मिति २०८०/०४/१९ गतेसम्म कायम भएका इकाईधनीहरुलाई वितरण गर्ने गरि इकाईधनी दर्ता किताब बन्द गरिएको व्यहोरा समेत सहर्ष जानकारी गराउदछौ ।

"एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड" बाट वितरण गरिने प्रतिफललाई पूनः लगानी गर्न मिल्ने गरि Dividend Re-investment Plan संचालन गरिरहेको व्यहोरा अनुरोध छ । उक्त योजनामा सहभागी हुनको लागि एन आई सी एशिया क्यापिटलको वेभसाइट www.nicasiacapital.com वा सोझै https://bit.ly/3Ef0Kvw मा क्लिक गरि रितपुर्वक विवरण भर्नु पर्दछ । रितपुर्वक आवेदन प्राप्त इकाईधनीहरुको प्रतिफल रकम बराबरको इकाई सम्बन्धित इकाईधनीको हितग्राही खातामा पठाइदिने व्यवस्था मिलाइने व्होरा समेत अनुरोध छ । उक्त Dividend Re-investment Plan मा सहभागी हुन मिति २०८०/०४/३२ गतेसम्म आवेदन दिन सकिने छ ।

माथि उल्लेखित समय भित्र Dividend Re-investment Plan मा सहभागी नहुने इकाईधनीहरुको हकमा उक्त प्रतिफल बापतको रकम मिति २०८०/०५/०१ गते पश्चात् सम्बन्धित इकाईधनीहरुको हितग्राही खातामा उल्लेख गरिएको बैंक खातामा सोझै जम्मा हुने गरी वितरण गरिने व्यहोरा समेत जानकारी गराइन्छ । Dividend Re-investment Plan मा सहभागि हुनको लागि आवेदन दिएका इकाईधनीहरुको हकमा प्राप्त गर्ने प्रतिफल रकमबाट योजनामा सहभागि हुन मिल्ने अन्तिम दिन अर्थात मिति २०८०/०४/३२ गते कायम प्रति इकाई खुद सम्पत्ति मुल्यले गणना गर्दा प्राप्त हुने इकाई सम्बन्धित इकाईधनीको हितग्राही खातामा जम्मा गरिने व्यवस्था मिलाइने छ ।

............................
रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य